बेलबारी नगरपालिका
बेलबारी नगर कार्यपालिकाको कार्यालय, बेलबारी, मोरङ

**प्रारम्भिक वातावरणीय परीक्षण कार्यका लागि राय सुझाव सम्वन्धी सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०७५।०२।१७*

बेलबारी नगरपालिका वडा नं. १, २, ३, ४ र ५ सम्म करीब १८ कि.मी. क्षेत्रभित्र पर्ने लोहन्द्रा खोलाको संभावित नाकाहरु (बेलचौरी, देवीझोडा, नक्साल, लालभित्ती, शहिद स्मृति, भेडा, गौतम टोल, शुक्रबारे, सिसौघारी, कसेनी, कुमार गाउँ, हरैचा, लक्ष्मीपुर, शुक्रवारे वठगाउँ, माथ्लो कसेनी, कालाबन्जर, बनिगामा, मटियारी, भकारी, बालघरी ) र वडा नं. ७ र ८ को पूर्वपश्चिम लोकमार्ग उत्तर ३ कि.मी. देखि दक्षिण सुनसरी मोरङ सिचाई नहर दक्षिण ५०० मिटर सम्मको भुभाग भित्र पर्ने चिसाङ्ग खोलाको संभावित नाकाहरु (नक्कली चौक, कानेपोखरी, जहदाचौक, करौन, राधानगर, मानेचौक, कटुवालचौक, बहत्तर विघे, दौलतपुर, रोषन नाका, गौथलीचौक) बाट ढुंगा, बालुवा, गिट्टी, मिक्स गिट्टी, बलौटे माटोको संकलन तथा उत्खनन् गर्ने कार्यका लागि बेलबारी नगरपालिकाबाट स्वीकृत भएको कार्यसुची अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination/IEE) गर्नु पर्ने भएकाले उक्त कार्य गर्दा त्यस क्षेत्रको वरिपरी सामाजिक, आर्थिक, सांस्कृतिक लगायत वातावरणीय क्षेत्रमा के कस्तो प्रभाव पर्दछ ? उक्त संकलन कार्य गर्दा वातावरणमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्नका लागि के कस्ता उपायहरु अवलम्बन गर्न उपयुक्त हुन्छ ? यो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित रुपमा सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैको लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**राय सुझाव पठाउने ठेगाना**

बेलबारी नगर कार्यपालिकाको कार्यालय
ठेगाना :-बेलबारी, मोरङ
टेलिफोन नं. :-०२१-५४६२४०, ५४५३४४
फ्याक्स नं. :-०२१-५४६२४०
इमेल :-belbarimunmorang@gmail.com

प्रमुख प्रशासकिय अधिकृत